# नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस **ऐन**मा,-

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस **ऐन** अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "नेपाल प्रहरी" भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ ।

(ग) "प्रदेश प्रहरी" भन्नाले प्रदेश कानून बमोजिम गठन भएको प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ र सो शब्दले नेपाल प्रहरीबाट कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "प्रहरी कर्मचारी" भन्नाले नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा कार्यरत प्रहरी कर्मचारी सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार

३. **नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार** : नेपाल प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) **मुलुकमा शान्ति सुरक्षा कायम राख्ने र अपराधको रोकथाम तथा नियन्त्रण गर्ने**,

(ख) **अपराधिक कृयाकलापमा संलग्न, संदिग्ध वा दोषी व्यक्तिलाई कानून बमोजिम पक्राउ गर्ने वा नियन्त्रणमा लिने,**

(ग) प्रचलित सङ्घीय कानून बमोजिम नेपाल प्रहरीले अनुसन्धान गर्ने नेपाल सरकार वादी हुने फौजदारी कसूरको अनुसन्धान गर्ने,

(घ) खण्ड (ख) र (ग) बमोजिमको कार्य गर्न मुलुकको जुनसुकै स्थान, भवन, घर र संरचनामा कानून बमोजिम प्रवेश गर्ने, खानतलासी तथा बरामद गर्ने लगायतको कार्य गर्ने,

(घ) नेपाल सरकारले तोकेका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय, राष्ट्रिय महत्वका आयोजना, अन्तर्राष्ट्रिय विमानस्थल, राष्ट्रिय राजमार्ग, राजमार्ग तथा विदेशी कुटनीतिक नियोगको सुरक्षा गर्ने,

(ङ) सार्वजनिक सुरक्षा व्यवस्था, अपराध, साम्प्रदायिक वा सामाजिक विद्वेश वा कुनै प्रकारको अतिवादसँग सम्बन्धित आवश्यक सूचना सङ्कलन गर्ने, त्यस्तो सूचना नेपाल सरकारलाई उपलब्ध गराउने र सोको नियन्त्रणका लागि आवश्यकता अनुसार तत्काल परिचालित हुने,

(च) अपराधको रोकथाम र नियन्त्रणको लागि सम्बन्धित निकायहरुबाट सहयोग जुटाउने, सोको लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा समन्वय तथा पारस्परिक सहयोगको आदान प्रदान गर्ने,

(छ) विभिन्न समुदायमा सुरक्षाको अनुभूति कायम गराउने,

(ज) विपद्का समयमा उद्धार, राहत, पुनर्स्थापनाका लागि विपद् प्रभावित जुनसुकै क्षेत्रमा परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(झ) **मुलुक**भरको सुरक्षा अवस्थाको सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा उपायहरु अवलम्बन गर्ने,

(ञ) नेपाल प्रहरीको **व्यवसायिक कार्यसम्पादन र संगठनात्मक आवश्यकताको लागि** हातहतियार, खरखजाना लगायतका सामग्रीहरुको आपूर्तिको व्यवस्था मिलाउने,

(ट) प्रदेश प्रहरीका लागि आवश्यक पर्ने हातहतियार, खरखजाना लगायतका सामग्री र सोको प्रयोग सम्बन्धमा आवश्यक मापदण्ड बनाई सो मापदण्ड पालनाको विषयमा अनुगमन गर्ने,

(ठ) प्रदेश प्रहरीको लागि आवश्यक पर्ने हातहतियार, खरखजाना लगायतका सामग्री खरिद गर्न स्वीकृति दिने,

(ड) आधारभूत मानव अधिकारको रक्षा, शान्ति र सुव्यवस्था एवं अमनचयन कायम गरी सुशासन प्रबर्द्धनमा **सहयोग पुऱ्याउने**,

(ढ) प्रहरी सेवालाई आवश्यक पर्ने सञ्चारको व्यवस्थापन गर्ने,

(ण) संयुक्त राष्ट्र सङ्घीय मिशन तथा शान्ति स्थापना सम्बन्धी अन्तर्राष्ट्रिय अन्य मिशनहरुमा मन्त्रालयको नीतिगत निर्देशनको अधीनमा रही **सहभागी हुने र सो कार्यमा आवश्यकता अनुसार प्रदेश प्रहरीलाई समेत सहभागी गराउने,**

(त) अपराध सम्बन्धी राष्ट्रिय अभिलेखको व्यवस्था गर्ने,

(थ) प्रदेश प्रहरीको दक्षता अभिवृद्धि गर्न तालीमको व्यवस्था, उपकरण, प्रविधि, विधि विज्ञान लगायतका विषयमा सहयोग गर्नुका साथै प्रदेश प्रहरीको क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(द) प्रदेश प्रहरीबाट सहयोग माग भई आएका विषयमा आवश्यक सहयोग गर्ने,

(ध) शान्ति सुरक्षा स्थितिको लेखाजोखा र शान्ति सुरक्षामा आइपरेका तथा सम्भावित खतरा, चुनौती र जोखिम सम्बन्धमा प्रदेश प्रहरीसँग सूचना आदान प्रदान गर्ने तथा प्रदेश प्रहरीलाई सल्लाह सुझाव दिने एवं आवश्यकता अनुसार थप सुरक्षा बल खटाउने,

(न) ट्राफिक व्यवस्थापन सम्बन्धी **कार्य गर्ने**,

(प) निजी क्षेत्रका सुरक्षा सेवा प्रदान गर्ने निकाय तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(फ) सङ्घीय कानूनले तोकेका अन्य विशेष प्रकृतिका प्रहरी कारबाहीमा परिचालित हुने,

(ब) नेपाल सरकारले समय समयमा तोकेका कार्यहरु गर्ने,

(भ) प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने ।

## परिच्छेद-३

## प्रदेश प्रहरी सम्बन्धी व्यवस्था

४. **प्रदेश प्रहरीको गठन** : (१) प्रत्येक प्रदेशमा प्रदेश आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गत प्रदेश प्रहरी सङ्गठन रहनेछ ।

(२) प्रदेश प्रहरीको गठन तथा सञ्चालन प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको हकमा नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीलाई प्रचलित सङ्घीय कानून बमोजिम समायोजन गरी वा खटाई प्रदेश प्रहरीको गठन हुनेछ ।

(४) उपदफा (२) बमोजिम प्रदेश कानून नबनेसम्म प्रदेश प्रहरीको सञ्चालन यस ऐनको अधीनमा रही नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(५) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरुपको हुनेछ ।

(६) प्रदेश प्रहरीमा रहने तहगत संरचना, पदनाम तथा दर्ज्यानी चिन्ह तोकिए बमोजिम हुनेछ ।

(७) प्रदेश प्रहरीको पदमा नियुक्तिको लागि आवश्यक पर्ने योग्यता, पदपूर्ति प्रकृया, **परीक्षाको पाठ्यक्रम, किसिम तथा परीक्षाको प्रणाली सम्बन्धी मापदण्ड** संघीय कानून बमोजिम हुनेछ ।

(८) प्रदेश प्रहरीको पोशाक नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) प्रदेश प्रहरीलाई दिइने तालीमसम्बन्धी व्यवस्था नेपाल प्रहरीको सिफारिसमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ र सो बमोजिम कार्य गर्नु प्रदेश प्रहरीको कर्तव्य हुनेछ ।

५. **प्रदेश स्तरमा रहने प्रहरी प्रमुख** : (१) प्रदेश स्तरमा रहने **नेपाल प्रहरीको प्रमुख नेपाल सरकारले तोकेको दर्जाको प्र**हरी अधिकृत हुनेछ ।

(२) नेपाल सरकारले प्रत्येक **प्रदेशमा नेपाल प्रहरीको प्रदेश स्तरीय प्रमुख भई** काम गर्न उपदफा (१) बमोजिमको प्रहरी अधिकृतलाई खटाउनेछ ।

(३) उपदफा (१) बमोजिमको प्रमुखको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशभित्र नागरिकको जिउ, धन लगायत आधारभूत मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण गरी **सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने**,

(ख) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था तथा अपराधको रोकथामसँग सम्बन्धित आवश्यक सूचना सङ्कलन गर्ने, त्यस्तो सूचना **प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय**लाई उपलब्ध **गराउने,**

(घ) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्वपूर्ण व्यक्ति, स्थान, निकाय वा **आयोजनाको** सुरक्षा गर्ने,

(ङ) प्रदेशभित्र यातायात, भवन, संरचना र यस्तै प्रकृतिका अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको तोडफोड वा अन्य प्रकारको आक्रमणबाट सुरक्षा गर्ने,

(च) प्रदेशभित्र अपराध रोकथाम र नियन्त्रणको लागि कानून बमोजिम आवश्यक उपाय अवलम्वन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायहरुसँग सहयोग र समन्वय जुटाउने,

(छ) **प्रदेशभित्र** विपद्का समयमा उद्धार, राहत, पुनर्स्थापनाका लागि परिचालित हुने र आवश्यक समन्वय गर्ने,

(ज) प्रदेशको शान्ति सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा उपाय अवलम्बन गर्ने,

(झ) प्रदेशभित्र घटेका अपराध सम्बन्धी प्रादेशिक अभिलेखको व्यवस्था गर्ने,

(ञ) प्रचलित संघीय कानून बमोजिम प्रदेश कारागार तथा हिरासत कक्षको व्यवस्थापन गर्ने,

(ट) ट्राफिक प्रहरीलाई समयानुकुल तथा दक्ष बनाई प्रदेशमा हुने सवारी आवागमनलाई सुरक्षित बनाउने तथा प्रदेशको ट्राफिक व्यवस्थापन गर्ने,

(ठ) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा सेवा प्रदान गर्ने निकाय तथा सुरक्षाकर्मीले अपनाउनु पर्ने मापदण्ड पालना गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने,

(ड) प्रदेश प्रहरीको तालीम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(ढ) सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,

(ण) बेवारिस सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(त) एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण गर्नु पर्ने भएमा **संघीय कानून बमोजिम** सोको लागि समन्वय तथा सुरक्षा व्यवस्थापन गर्ने,

(थ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदान प्रदान र समन्वय गर्ने,

(द) प्रचलित सङ्घीय कानूनले निर्दिष्ट गरे बमोजिम अन्य कार्यहरू गर्ने गराउने ।

(२) सार्वजनिक आवागमन सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल प्रहरीलाई भएको अधिकार प्रदेश प्रहरीले समेत **कानून बमोजिम** प्रयोग गर्न सक्नेछ ।

(३) प्रदेश प्रहरीले सूचना र सञ्चार प्रविधिसँग सम्बन्धित उपकरणहरुको प्रयोग गर्दा नेपाल प्रहरीसँग समन्वय गरी प्रयोग गर्नु पर्नेछ ।

(४) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले प्रदेश प्रहरी खटाउन सक्नेछ र यसरी खटाएको अवस्थामा प्रदेश प्रहरीले प्रमुख जिल्ला अधिकारीको सामान्य निर्देशनमा रही कार्य गर्नु पर्नेछ ।

(५) प्रचलित मेला, जात्रा, पर्व तथा सामुहिक भेला हुने कुनै कार्यक्रममा प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको सामान्य निर्देशनमा रही प्रदेश प्रहरीले शान्ति सुरक्षाको प्रबन्ध मिलाउनेछ ।

(६) शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा नेपाल प्रहरी र प्रदेश प्रहरी संयुक्त रुपमा परिचालन भएको अवस्थामा प्रदेश प्रहरीले नेपाल प्रहरीको प्रत्यक्ष नियन्त्रणमा रही कार्य गर्नु पर्नेछ ।

(७) प्रदेश प्रहरीले प्रदेशमा शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा **नेपाल सरकारको नीति र प्रमुख जिल्ला अधिकारीको निर्देशन** अन्तर्गत रही कार्य गर्नु पर्नेछ ।

(८) **उपदफा (७) को अधिनमा रही प्रदेशको आन्तरिक मामिला मन्त्रालयको सामान्य नियन्त्रणमा प्रदेश प्रहरी** आफ्नो कार्य सम्पादन गर्नुपर्ने छ ।

(९) **यस दफा**मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश प्रहरीको गठन नहुँदासम्म प्रदेश प्रहरीले गर्ने सम्पूर्ण कार्य नेपाल प्रहरीले गर्नेछ ।

७. **अपराध नियन्त्रणको सम्बन्धमा प्रदेश प्रहरीको कार्य :** अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा प्रदेश प्रहरीलाई जानकारी प्राप्त हुन आएमा प्रदेश प्रहरीले **कानून बमोजिम** तत्काल देहाय बमोजिमको कार्य गर्नु पर्नेछ :-

(क) तत्काल त्यस्तो स्थानमा उपस्थित भई अपराध रोक्न आवश्यक व्यवस्था मिलाउने,

(ख) अपराध भई सकेकोमा दशी प्रमाण नष्ट हुन नदिने तथा घटनास्थललाई यथाअवस्थामा राख्ने व्यवस्था मिलाउने,

(ग) अपराधबारे आफूले देखे जानेसम्मका तथ्य प्रमाणहरु सङ्कलन गर्न र तत्काल अपराध अनुसन्धानको लागि जिम्मेवार निकाय वा अधिकारीलाई खबर गर्ने,

(घ) आपराधिक कृयाकलापमा संलग्न रहेको व्यक्ति, संदिग्ध वा दोषी व्यक्तिलाई पक्राउ गर्ने,

(घ) अपराध अनुसन्धान गर्ने कार्यमा नेपाल प्रहरी वा अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने,

(ङ) अपराध हुन नदिन तथा अपराध भईसकेकोमा अपराध अनुसन्धान तथा पीडितको सुरक्षाको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

८. **अन्य प्रदेशको प्रहरी परिचालन गर्न सकिने** : (१) कुनै प्रदेशमा गम्भीर अशान्ति भएको वा हुने सम्भावना भएको र सो ठाउँमा अशान्ति रोक्न अर्को प्रदेशको प्रहरीको सहयोग समेत आवश्यक पर्ने भएमा प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले सो प्रयोजनको लागि मन्त्रालयलाई लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा वा कुनै प्रदेशको अशान्ति रोक्न अर्को प्रदेशको प्रहरी समेत परिचालन गर्नु पर्ने मन्त्रालयलाई लागेमा त्यस्तो प्रदेशको प्रदेश प्रहरी परिचालन गर्न सम्बन्धित प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयलाई निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशन भई आएमा सम्बन्धित प्रदेशको आन्तरिक मामिला हेर्ने मन्त्रालयले आवश्यक सङ्ख्यामा सो प्रदेशको प्रदेश प्रहरीलाई अर्को प्रदेशमा खटाउनु पर्नेछ ।

(४) यस दफा बमोजिम अर्को प्रदेशमा प्रदेश प्रहरी खटिएको अवस्थामा त्यस्ता प्रहरी कर्मचारीलाई परिचालन गर्ने सम्बन्धमा नेपाल प्रहरीको सम्बन्धित निकायले आवश्यक समन्वय गर्नु पर्नेछ ।

९. **प्रतिवेदन पेश गर्ने** : प्रदेश प्रहरीले प्रदेशको शान्ति सुरक्षा कायम राख्ने सिलसिलामा संकलन गरेको सूचना तथा **यस ऐन बमोजिम** सम्पादन गरेको कार्यको **मासिक प्रतिवेदन** प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल प्रहरी समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## सुपरीवेक्षण र समन्वय

१०. **नेपाल प्रहरीको सुपरीवेक्षण र जवाफदेहिता** : मन्त्रालयले नेपाल प्रहरीको सुपरीवेक्षण गर्नेछ र नेपाल प्रहरी मन्त्रालयप्रति जवाफदेही हुनेछ ।

११. **प्रदेश प्रहरीको सुपरिवेक्षण र जवाफदेहिता** : (१) प्रदेश प्रहरीको कार्यसम्पादनको सुपरीवेक्षण सम्बन्धित प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले गर्नेछ र प्रदेश प्रहरी सोही मन्त्रालयप्रति जवाफदेही हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय कानून बमोजिम प्रदेश प्रहरीले सम्पादन गर्नु पर्ने कार्य तथा नेपाल सरकार वा प्रमुख जिल्ला अधिकारी वा नेपाल प्रहरीले

प्रदेश प्रहरीलाई निर्देशन दिएका विषयमा भएका कार्यसम्पादन सम्बन्धमा प्रदेश प्रहरीको सुपरिवेक्षण र अनुगमन नेपाल प्रहरीले समेत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सुपरिवेक्षण र अनुगमन गर्ने सम्बन्धमा मन्त्रालयले प्रदेश प्रहरी सङ्गठनको स्तर र सो स्तर कायम राख्ने मापदण्डहरु निर्धारण गर्नेछ र सोही आधारमा नेपाल प्रहरीले सुपरिवेक्षण र अनुगमन गर्नु पर्नेछ ।

**१२. प्रहरी समन्वय समिति :** (१) नेपाल प्रहरी तथा प्रदेश प्रहरीबीच समन्वय कायम गर्नका लागि देहाय बमोजिमको प्रहरी समन्वय समिति रहनेछ :-

(क) नेपाल सरकारको गृहमन्त्री - अध्यक्ष

(ख) सबै प्रदेशका आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रीहरु - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी - सदस्य

(ङ) सहसचिव, मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयका सचिव, प्रदेश प्रहरी प्रमुख र **अन्य पदाधिकारीलाई** आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राज्यभर शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न नेपाल प्रहरी तथा प्रदेशको शान्ति सुरक्षा कायम गर्न प्रदेश प्रहरीले निर्वाह गर्नु पर्ने भूमिका र सो सम्बन्धि आवश्यक रणनीतिको सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने,

(ख) राष्ट्रिय सुरक्षा नीतिको कार्यान्वयनका लागि समन्वय गर्ने,

(ग) नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वयमा देखिएका नीतिगत समस्याको पहिचान र समिक्षा गरी निराकरणका उपायहरुको सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) अन्तर-प्रदेश प्रहरीबीचको **कार्यक्षेत्र सम्बन्धी** विवाद समाधान गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**१३.** **समन्वय एकाई :** (१) राष्ट्रियस्तर वा एकभन्दा बढी प्रदेशमा प्रभाव पार्ने सूचना एवं सहयोग आदान प्रदान गर्न नेपाल प्रहरी एवं प्रत्येक प्रदेश प्रहरीमा एउटा समन्वय एकाई रहनेछ ।

(२) दुई वा दुईभन्दा बढी प्रदेशमा सञ्चालन हुने प्रहरी कार्यको लागि थप मद्दत लिनु वा दिनु पर्ने अवस्थामा उपदफा (१) बमोजिमको समन्वय एकाईले तत्काल समन्वय गर्नेछ ।

(३) दुई वा दुईभन्दा बढी प्रदेशमा परिचालित हुनुपर्ने अवस्थामा सम्बन्धित कार्यको लागि खटिएको प्रहरी टोलीको प्रमुखले सम्बन्धित **प्रदेश प्रहरीसँग समेत आवश्यकता अनुसार समन्वय गरी टोली** परिचालन गर्न सक्नेछ ।

## परिच्छेद-५

## विविध

**१४.** **नेपाल प्रहरीको दरबन्दी रहने** : (१) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा माथिल्लो दर्जाको **प्रदेश प्रहरीको पद**मा नेपाल प्रहरीको दरबन्दी कायम गरिनेछ र  त्यस्तो पद प्रमुख हुने कार्यालयमा सङ्घीय कानून बमोजिम अपराध अनुसन्धान गर्ने प्रयोजनको लागि आवश्यक सङ्ख्यामा नेपाल प्रहरीको दरबन्दी समेत रहनेछ ।

(२) उपदफा (१) बमोजिम कायम भएको दरबन्दीमा बहाल रहेका नेपाल प्रहरीका प्रहरी कर्मचारीले सङ्घीय कानून बमोजिम प्रहरीले गर्नु पर्ने अपराध अनुसन्धान सम्बन्धी काम गर्नेछन् ।

(३) अपराध अनुसन्धानको **लागि** खटिएका प्रहरी कर्मचारीले अपराध अनुसन्धानको सम्बन्धमा प्रचलित कानून बमोजिम खानतलासी, पकाउ, बरामद र अपराध अनुसन्धान सम्बन्धी अन्य कार्य गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम अपराध अनुसन्धानको **लागि** खटिएका नेपाल प्रहरीका प्रहरी कर्मचारीले **आवश्यकता अनुसार** प्रदेश प्रहरीको सहयोग माग गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिम सहयोग माग गरेमा आवश्यक सहयोग उपलब्ध गराउनु प्रदेश प्रहरीको सम्बन्धित कार्यालय वा अधिकारीको कर्तव्य हुनेछ ।

**१५.** **प्रहरी उपर नियन्त्रण :** (१) जिल्लास्तरमा कार्यरत नेपाल प्रहरीका कर्मचारीहरु प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् ।

(२) **प्रदेश स्तरमा कार्यरत नेपाल प्रहरी उपर नियन्त्रण गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

(३) **नेपाल सरकारको नीति तथा प्रमुख जिल्ला अधिकारीको निर्देशनमा रही प्रदेश प्रहरीले कार्य गर्नुपर्ने छ।**

(४) **उपदफा (३) को अधिनमा रही प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले प्रदेश प्रहरीको सामान्य नियन्त्रण गर्नेछ ।**

(५) कानून बमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नुपर्ने काममा निजलाई सहयोग गर्नु प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**१६.** **नेपाल प्रहरीका प्रहरी कर्मचारीलाई प्रदेश प्रहरीमा खटाउन सकिने** : (१) प्रदेश प्रहरीको स्वीकृत सङ्गठन संरचना तथा दरबन्दीमा प्रदेश प्रहरी कर्मचारी अपुग भएको अवस्थामा सम्बन्धित प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालयले नेपाल प्रहरीका प्रहरी कर्मचारी खटाई दिन मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा मन्त्रालयले आवश्यक सङ्ख्यामा नेपाल प्रहरीका प्रहरी कर्मचारीलाई अवधि तोकी प्रदेश प्रहरीमा खटाई दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश प्रहरीमा खटाईएको नेपाल प्रहरीको प्रहरी कर्मचारी नेपाल प्रहरीको रिक्त पदमा बढुवाको लागि योग्य हुनेछन् ।

(४) उपदफा (२) बमोजिम प्रदेश प्रहरीमा खटाईएको प्रहरी कर्मचारीलाई अन्य प्रदेश प्रहरी सङ्गठनमा वा नेपाल प्रहरीमा सरुवा गर्न वा काज खटाउन सकिनेछ ।

१७. <u>पक्राउ तथा अनुसन्धान गर्न सक्ने</u> : (१) प्रचलित संघीय कानूनले **प्रदेश प्रहरीबाट अनुसन्धान हुने भनी तोकेको कुनै अपराधमा संलग्न भएको व्यक्ति वा संदिग्ध व्यक्तिलाई प्रदेश** प्रहरीले कानून बमोजिम पक्राउ गरी अनुसन्धान गर्न सक्नेछ ।

(२) उपदफा (१) **बमोजिमको अपराधको अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ बमोजिम हुनेछ ।**

१८. <u>नीति तथा समन्वय समिति</u> : नेपाल प्रहरीमा वृहत्तर र दीर्घकालीन प्रभाव पार्ने लगायतका नीतिगत विषयमा सुझाव दिन तथा आवश्यकता अनुसारको नीतिगत समन्वय गर्न प्रहरी प्रधान कार्यालयमा तोकिए बमोजिमको एक नीति तथा समन्वय समिति रहनेछ ।

१९. <u>प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने</u> : (१) प्रदेशले **यस ऐनको अधिनमा रही प्रदेश प्रहरीको सेवा शर्त सम्बन्धी** कानून बनाउँदा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका व्यवस्था समेत गर्नु पर्नेछ :-

(क) प्रदेश प्रहरीको खुला प्रतियोगिताबाट नियुक्ति गर्नु पर्ने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गर्ने व्यवस्था,

(ख) प्रदेश प्रहरीको पदमा बढुवाको लागि सिफारिस गर्ने समितिमा प्रदेश लोक सेवा आयोगको समेत प्रतिनिधित्व हुने व्यवस्था,

(ग) प्रदेश प्रहरीमा नियुक्ति हुने प्रहरी कर्मचारीले योगदानमा आधारित सेवा निवृत्त सुविधा पाउने व्यवस्था ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश लोक सेवा आयोग गठन नभएसम्मको लागि सो आयोगको काम लोक सेवा आयोगबाट हुनेछ ।

२०. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस **ऐन** बमोजिम आफूलाई प्राप्त **केही** अधिकारहरु **आवश्यकता अनुसार** सोही सूचनामा तोकिएको प्रहरी कर्मचारी वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस **ऐन**द्वारा कुनै प्रहरी कर्मचारीलाई प्रदान गरिएको अधिकार त्यस्तो प्रहरी कर्मचारीले आफ्नो सामान्य रेखदेखमा काम गर्ने गरी आफू मुनिको प्रहरी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. <u>नियम बनाउने अधिकार</u> : यो **ऐन** कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

२२. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने** : यो **ऐन** र यस **ऐन** अन्तर्गत जारी भएका नियमहरुको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।